# बारागढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खोपवा, बारा
मधेस प्रदेश, नेपाल
स्थापित-२०७३

## क्यातलग/ब्रोसर सपिङ विधिबाट एम्बुलेन्स खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

**(प्रथम पटक प्रकाशन मिति २०८०।०१।२५)**

यस कार्यालयको आ.व २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको सवारी साधन एम्बुलेन्स सार्वजनिक खरिद ऐन ( २०६३ पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १(क)(८) तथा सार्वजनिक खरिद नियमावली २०६४(चौथो संशोधन) को नियम ३१(ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादनक कम्पनी वा सो को नेपालको लागि आधिकारिक ब्रिकेता (Importer) हरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) को उपनियम २ बमोजिम सवारी साधन उत्पादकको आधिकारिक स्पेशिफिकेशन(क्याटलग वा ब्रोसर) गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात संलगन राखी तपसिलमा उल्लेख भए बमोजिमको प्रस्ताव दर्ता गराउनु हुन सम्बन्धित उत्पादक वा आधिकारिक बिकेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) सवारी साधनको स्वीकृत विस्तृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिने छ। कार्यालयबाट स्वीकृत स्पेशिफिकेशनको offered specification column मा आफनो प्रस्ताव गरेको उपकरणको विस्तृत विवरण तथा मांग गरिएका अरु थप विवरण अनिवार्य भरेर सही छाप गरी सिलबन्दीका साथ पेश गर्नुपर्नेछ ।

२) उक्त कागजात लिनका लागि ईच्छुक उत्पादक कम्पनी वा सोको नेपालका लागि आधिकारिक बिकेताले उक्त सावारी साधन बिकी गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र,सोको अद्यावधिक नविकरण भएको पत्र,स्थायी लेखा नम्बर(PAN) तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र,आ.व २०७८।०७९ सम्मको कर चुक्ता गरेको ,म्याद थप गरेको प्रमाणित कागजात,उक्त सवारी सप्लाई गरेको हालसम्मको विस्तृत विवरण,सम्बन्धि कार्य अनुभवको प्रमाणपत्र सहितका कागजात यो सूचना प्रकाशित भएको मितिले ८ औ दिन १२ बजेसम्म यस कार्यालयमा उपस्थित हुनुपर्नेछ। साथै नेपालको आधिकारिक बिकेताको हकमा उत्पादक कम्पनीको authorization पत्र (Manufacturer Authorization Letter) अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

३) साथै सूचिकृत नभएका उत्पादक वा अधिकारिक बिकेता कम्पनीहरुले सूचिकृत गराई उक्त सिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

४) पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ

| सि.न | साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १. | एम्बुलेन्स | 4-Stroke,Water cooled Diesel Engine,developing Maximum rated power output not less than 45KW and Maximum torque not less than 190Nm | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्विकृत Technical specification बमोजिम हुनेछ । |

**प्रमुख प्रशासकीय अधिकृत**